विदेशी अभिभाबक हरुको लागि

# प्राथमिक स्कूल गाईड

**नेपाली संस्करण**



"अभिभावक" भनेको बच्चा हुर्काईरहेको  व्यक्ति हो।

## परिचय

जापानमा  इलिमेन्टरी , सार्वजनिक , निजीसुकुलहरू  छन।

यो पुस्तक ओता  वार्डमा प्राथमिक स्कूलमा प्रवेश गर्ने बच्चाहरूको अविभावकको लागि बनाईएको हो।

निजी प्राथमिक विद्यालयहरुमा धेरै कुराहरु  फरक हुन्छन्।

कृपया तेही स्कूललाई सोध्नुहोस्।

मलाई आशा छ कि यस पुस्तकको सहयोगले  तपाईंलाई प्राथमिक विद्यालयमा अध्ययन गर्न निक्कै सजिलो हुनेछ।

## सामग्रीको तालिका


1 प्राथमिक विद्यालयमा भर्ना गर्ने प्रकिया (अप्रिल महिनामा कक्षा एकमा  नयाँ  भर्ना हुने सम्बन्धि ) ........ 2

2 प्राथमिक  विद्यालयको १ वर्षसम्म ........ 3

3 स्कूलको एकदिनको दिनचर्या ........ 4

4 अभिभावकहरूले गर्ने कामहरु ........ 5

5 स्कूलमा भर्ना हुनु भन्दा अगाडी पेश गर्नुपर्ने कागजातहरू ........ 8

6 स्कूलमा प्रयोग गर्ने सामानहरू ........ 9

7 स्कूलसंग सम्बन्धित पैसाको बारेमा ........ 12

8 बच्चाको स्वास्थ्य र स्वास्थ्य कोठा ........ 12

9 के तपाईको बच्चा आफैले गर्न सक्छ ? ........ 13

10 स्कुलमा लान नपाउने समानहरु ........ 13

11 स्कूलबाट आएका प्रिन्टहरुको बारेमा ........ 14

12 स्कूलको  आपतकालीन सम्पर्क प्रणाली ........ 14

13 स्कूलमा प्रयोग हुने शब्दहरू ........ 15

14 बच्चाको जापानी भाषाको शिक्षा ........ 21

15 समस्या परेको बेलामा परामर्श गरौँ ........ 21

## 1 प्राथमिक विद्यालयमा भर्ना गर्ने प्रकिया (अप्रिल महिनामा कक्षा एकमा नयाँ भर्ना हुने सम्बन्धि )

अप्रिल महिनाको १ तारिकले ठिक ६ वर्ष उमेर पुगेका बालबालिकहरू कक्षा १ मा हुन्छ ।

| | |
|---|---|
| अक्टोबरमा<br>भर्नाको लागि निवेदन | ・बच्चा विदेशी नागरिक भएको खण्डमा , शैक्षिक मामिला विभाग विद्यालय भर्ना निवेदन झ्याल (निसेई आरोमासुकुएया 5F ओता-कु कामाता 5-37-1 ) मा निवेदन पेश गर्ने ।<br>・बच्चाको आवासीय कार्ड लिएर जाने ।<br>※यदि बच्चा ओताकुको प्राथमिक विद्यालयमा नजाने भएमा शिक्षा बोर्डमा जानकारी गर्नु पर्दछ।<br>※आवासीय कार्ड नभएको व्यक्तिले वहुभाषिक परामर्श झ्याल (पेज 21 ) मा परामर्श गर्नुहोला। |
| अक्टोबरको अन्त देखी नोबेम्बर<br>विद्यालयमा स्वास्थ्य जाँच | ・[भर्नाको लागि स्वास्थ्य जाँचको पत्र ] आउँछ ।<br>・जाँच गर्ने ठाउँ र बार लेखेको हुन्छ ।<br>・तोकिएको बारमा [भर्नाको लागि स्वास्थ्य जाँच ] गराउनु पर्छ ।<br>・उचाई , तौल , आँखा र कान आदिको परिक्षण गरिन्छ ।<br>※स्वास्थ्य जाँचको दिनमा बाल प्रश्नावली प्रत्र पनि पाइन्छ ।<br>बाल प्रश्नावली पत्रमा ठेगाना , नक्सा ,परिवारको नाम लेखि एलर्जी वा धर्मको कारणले खान नहुने केहि छन् भनेलेख्ने ,लेखिसकेपछि अभिभावक बैठकमा बुझाउने । |
| डिसेम्बरको अन्तिमतिर<br>विद्यालय भर्नाको सूचना | * [विद्यालय भर्नाको सूचना ] आउँछ ।<br>* बच्चा भर्ना गर्ने विद्यालयको नाम लेखेको हुन्छ ।<br>* आफु बसेको ठेगाना अनुसार शिक्षा बोर्डले तोकिएको विद्यालयमा जानुपर्छ । |
| जनवरीबाट फेब्रुअरीमा<br>अभिभावक जानकारी बैठक | भर्ना हुने विद्यालयमा अभिभावक जानकारी बैठक हुन्छ ।<br>बैठक हुने ठेगाना र मिति [भर्नाको लागि स्वास्थ्य जाँच ] को बेलामा सूचित गरिन्छ ।<br>विद्यालय भर्ना हुनु भन्दा अगाडी तयार गर्नु पर्ने सामानहरू , विद्यालयको दैनिक जीवनबारेमा जानकारी गराउँछन् ।<br>अवश्यरूपमा सहभागी हुनुहोला । |
| अप्रिलको सुरुमा<br>प्रवेश समारोह | शिक्षकहरू,हाल अध्ययनरत विद्यार्थीहरू , वरिपरिका छिमेकीहरू सबैले नयाँ भर्नाहुने विद्यार्थीहरूलाई शुभकामना व्यक्त गर्ने समारोह हो । प्रवेश समारोह लगभग एक घण्टा हुन्छ ।<br>प्रध्यानाध्यापक वा उपस्थित व्यक्तिहरुले शुभकामना व्यक्त गरिन्छ । कक्षा शिक्षकको पनि परिचय गरिन्छ ।<br>नया भर्ना भएका विद्यार्थीहरू र अभिभावकहरू भागलिने हुदाँ औपचारिक लुगा लगाउँनु पर्दछ ।<br>प्रवेश समारोह पछि, शिक्षक र नयाँ 1 कक्षाका विधार्थीहरूसँगै फोटो खिच्नेछन्। |

*[उदाहरण) अप्रिल 1, 2022 (रेइवा 4) मा 6 वर्ष पूरा भएको बच्चा भन्नाले, जसको जन्मदिन अप्रिल 2, 2015 (हेइसेइ 27) देखि अप्रिल 1, 2016 (हेइसेइ 28) सम्म हो।

* बिचबाट स्कूल भर्ना हुने खण्डमा शैक्षिक मामिला विभाग विद्यालय भर्ना निवेदन झ्यालमा परामर्श गर्नुहोस् ।

## 2 प्राथमिक विद्यालयको १ वर्षसम्म

१वर्षलाई ३ सेमेस्टरमा विभाजन गरिएको छ । यो लगभगको योजना मात्र हो । वर्ष अनुसार फरक हुनसक्छ ।

पहिलो सेमेस्टर =४/६~ ७ /२० दोस्रो सेमेस्टर=९/१~ १२ / २५ तेस्रो सेमेस्टर =१/ ८ ~३ / २५

* स्कूलको इभेन्टहरूको क्रम र मिति, स्कूल अनुसार फरक हुन्छ।

| | | |
|---|---|---|
| अप्रिल | ← पहिलो सेमेस्टर → | प्रवेश समारोह , पहिलो सेमेस्टर उद्घटन समारोह , अभिभावक बैठक,पिकनिक , स्वास्थ्या जाँच , शारीरिक विकासको मापन |
| मे | | खेलकुद कायर्क्रम,( शरद ऋतुमा गर्ने स्कूल पनि छ) व्यक्तिगत सर-सल्लाह |
| जून | | ओपन स्कूल , सुइमिंग कक्षाको सुरु स्विमिङ्ग कक्षा सुरु हुन्छ। |
| जुलाई | | पहिलो सेमेस्टर समाप्त, गर्मि महिनाको बिदा सुरू , होमवर्क हुन्छ |
| अगष्ठ | | गर्मि महिनाको बिदा , एक दिन मात्र स्कूल आउनु पर्ने दिन पनि छ |
| सेप्टेम्बर | ← सेमेस्टर २ → | गर्मि महिनाको बिदा सकिने, दोस्रो सेमेस्टरको सुरुवात,आपतकालीन समयमा बच्चा लिन जाने तालिम , ओपन स्कूल , शारीरिक विकासको मापन , सुइमिंग कक्षा समाप्त स्विमिङ्ग कक्षा समाप्त हुने |
| अक्टोबर | | व्यक्तिगत सर-सल्लाह , शैक्षिक भ्रमण |
| नोभेम्बर | | नाटक / प्रदर्शन /आफुले बनाएको सामानको प्रदर्शन (नगर्ने स्कूल पनि छ । स्कूल अनुसार गर्ने समय पनि फरक छ )। |
| डेसेम्बर | | *अभिभावक बैठक, दोस्रो सेमेस्टर समापन समारोह, जाडो महिनाको बिदा |
| जनावरी | ← सेमेस्टर ३ → | तेस्रो सेमेस्टर समापन समारोह , शारीरिक विकास मापन |
| फेब्रुवरी | | ओपन स्कूल |
| मार्च | | स्नातक समारोह ,समापन समारोह ,वसन्त ऋतुको बिदा |

※ नकिासी अभ्यास (Evacuation drills) हरेक महनिा आयोजना गरनि्छ।

# 3 स्कूलको एकदिनको दिनचर्या

यो एउटा नमुना हो स्कूल  अनुसार अलिकति  फरक हुन् सक्छ , स्कूलको  चिट्ठी राम्रो संग पढौं  ।

| | |
|---|---|
| 8：10～8：25 | स्कूलमा जाने<br>घरबाट स्कूल जांदा स्कूलले तोकेको बाटो हिड्नु पर्छ ।<br>ठिक समयमा स्कूल  पुगेन भने गेट बन्द् गरिन्छ  ।<br>ढिला हुदा, बिदा लिनु पर्दा फोन गर्नु जरुरी छ ।( पेज 7) यदि तपाई हतारमा हुनुहुन्छ भने, विद्यालयमा फोन गर्न सक्नुहुन्छ। |
| 8：30～ | बिहानको भेला<br>कक्षामा बिहानको सत्कार सकेपछि शिक्षकबाट दिएको जानकारीहरू सुन्ने ।<br>कहिलेकाही स्कूलको सबै विद्यार्थीहरू बिहान भेला भई छलफल गर्ने दिन पनि छ । |
| 8：45～ | कक्षा<br>बिहान  ४५ मिनेटको कक्षा  ४ पटक हुन्छ । अध्ययन गर्ने विषय बस्तु हरेक दिन फरक हुन्छ ।<br>कक्षाको बिचमा विश्रामको समय पनि छ ।<br>यो विश्रामको समयमा टोइलेत जान सकिन्छ । |
| 12：15～ | खाना<br>खाना स्कूलबाट  तयार गर्छ , खानाको शुल्क बारेमा  (पेज 12)मा हेर्नुहोला ।<br>शनिबार  खाना हुदैन ।<br>केटाकेटीहरूले पनि खाना बढ्ने पालो हुन्छ त्यसलाई [क्युसोकु तोबान] भनिन्छ ।<br>कुनै बेला खाना नहुन पनि सक्छ, खाना नहुने दिनको जानकारी स्कूलबाट पठाउने चिट्ठीमा हुन्छ  । |
| 13：00～ | दिउँसोको विश्राम समय<br>कक्षा वा स्कूलको गार्डेन वरीपरी खेल्ने र सरसफाई गर्ने गरिन्छ  । |
| 13：30～ | क्लास<br>१२ बजे पछिको क्लास नहुने दिन पनि छ त्यसैले समय तालिका हेर्नुहोला ।<br>क्लास भएको दिन र नभएको दिन फर्कने समय फरक हुन्छ  ।<br>घर जानु अगीको सत्कार<br>शिक्षकले चिट्ठीहरू वितरण गर्ने र भोलि पल्टको दिनमा हुने कुरा समेत भन्नु हुन्छ ।<br>घर फर्कने तयारी<br>घर फर्कने ।<br>भर्ना पश्चता केहि  दिनसम्म स्कूलले तोकेको बाटो भई संगै फर्कने गरिन्छ ।(समुहगतरूपमा फर्कने )<br>सकेसम्म साथीहरुसंगै फर्कने । |

# 《स्कूल  पछि (कलास सके पछि) बिताउने बारेमा》

## स्कूल सके पछि  बच्चाहरू हेरचाह गर्ने  (जिदोउखान,  स्कूलको खुल्ला चौर )

अभिभावकहारू काम गरिरहेको हुनाले स्कूल पश्चात बच्चाको हेरचाह गर्न नसकेको खण्डमा ( जिदोहोइकु ) को प्रयोग गर्न सकिन्छ । जीदोउहोइकु प्रयोगको लागि ओताकुयाकुस्यो बालबालिका सहयोग शाखामा निवेदन दिनुहोला । यदि अप्रिलबाट प्रवेश गर्न चाहनुहुन्छ भने, अघिल्लो वर्षको नोभेम्बरमा आवेदन दिनुहोस्। विधार्थीको संख्याको क्षमता रहेको छ ।

## स्कूल सकेपछिको बच्चाको कक्षा

उक्त स्कूलमा अध्ययनरत जो कोहि विद्यार्थीले पनि प्रयोग गर्न सकिन्छ । स्कूल भित्र तोकिएको स्थानमा खेल्ने र पढ्ने गरिन्छ तर अग्रिम दर्ताको आवश्यक पर्दछ । अप्रिल महिनामा दर्ता फाराम वितरण गरिन्छ । "दर्ता आवेदन फारम" भर्नुहोस्, अभिभावकले यसलाई "विद्यालय पछिका बालबालिकाको कक्षाकोठामा" पेश गर्नुहोस्।

# 4 अभिभावकहरूले गर्ने कामहरु

## स्कूल  भर्ना हुनु अगि र पछी गर्नपर्ने कामहरु

- बच्चाको हरेक दिनको सुत्ने र उठ्ने समय निश्चित हुनुपर्छ ।बिहानको खाना पनि खानदिनु पर्छ ।
- बच्चासंगै  घरबाट स्कूल सम्म हिडेर बाटो चीनाउने , पछी त्यो बच्चा एक्लै  हिड्न सकोस ।
- स्कूलमा प्रयोग गर्ने सामान (पेज ९) मा  ।
- बच्चाको नाम <हीरागाना> मा लेख्ने हो कि निर्णय गर्नुहोला ।

  उदाहरण peter पे-ता- / पी-ता-  ओ  ओउ / वान
- स्कूलमा  लिएरजाने  सामानहरु   सबैमा  नाम  लेख्नु  पर्छ  ।
- स्कूलमा बुझाउने कागजातहरु  के  के छ (पेज ८)मा हेरी लेखेर तोकिएको समय भित्र बुझाउनु पर्छ ।
- बच्चा आफैले स्कुलको नेमत्याग लगाउने र निकाल्न सक्ने गरि अभ्यास गराउने  ।
- प्रवेश   समारोह  ।

## प्रत्येक दिन  गर्ने काम

● मानाबी पकेट (सम्पर्क एप) सम्पर्क नोट

स्कूल बिदा लिने बेलामा, ढिलो जाने बेलामा , वा चाँडै फर्किने बेलामा, मानाबी पकेट अथवा  सम्पर्क पुस्तक (रेनराकु च्यो ) मार्फत सम्पर्क गर्नुहोस्। स्कूल बिदा लिने बेलामा, ढिलो जाने बेलामा , वा चाँडै फर्किने बेलामा, मानाबी पकेट अथवा  सम्पर्क पुस्तक (रेनराकु च्यो ) मार्फत सम्पर्क गर्नुहोस्। स्कूलबाट चाँडै फर्किने बेलामा, आफ्नो बच्चालाई सम्पर्क पुस्तिका दिनुहोस्। यदि तपाई हतारमा हुनुहुन्छ भने, स्कूलमा फोन गर्नुहोला।

● मानाबी पकेट मार्फत सञ्चार, वा स्कूलबाट पठाएको कागजातहरू हेर्नुहोस्।

प्रिन्टहरू  छ छैन बच्चालाई सोधी चेक गर्ने ।

के लेखिएको छ थाहा छैन भने, जापानी भाषा बुझ्ने कसैलाई सोध्नुहोस्। अनुवाद सफ्टवेयरको साथ जाँच गर्नुहोस्। (P14)

● होमवर्क चेक

बच्चाले गृहकार्य  गरेको छ छैन भनेर चेक गर्नुहोला ।

● भोलीको लागि तयार

भोलीको लागि गर्नुपर्ने  तयारी बच्चाले गर्ने यदी गर्न नसकेमा अभिभावकले सहयोग गर्नुपर्छ ।

● सोमबार सम्ममा लुगाहरू धोएर ल्याउने

स्कूल भित्र लगाउने जुत्ता र लुगाहरु ,लन्चमात  धोई सोमबार बच्चासंगै स्कूल  पठाउने ।

खाना बाड्ने पालो भएको हप्तामा सेतो लुगा र टोपी घरमा लगेर धोई  आइरन गरि सोमबार स्कूलमा  पठाउनु होला ।

● [नयाँ कोरोनाभाइरस संक्रमणको फैलावट रोक्नको लागि]।  तपाईको बच्चाको स्वास्थ्य अवस्था हेरिनेछ ।

शरीरको तापक्रम नाप्नुहोस् र "स्वास्थ्य अवलोकन कार्ड" मा हस्ताक्षर गर्नुहोस्।

यदि तपाईको बच्चा वा परिवारमा स्वास्थ्य खराब छ जस्तै (ज्वरो, रुघाखोकी आदि) लक्षण देखिएमा आराम गर्नुहोस् ।

## बर्षमा केहि पटक गर्ने कार्यहरु

● बाहिर जादा खाजा /खाना र पानीको बोतल

स्कूलको खान नभएको दिन खाना बनाएर बच्चालाई पठाउन पर्छ ।

खाना संग चकलेट, मीठाइ जस्ता पदार्थ हाल्न पाइदैन ।

पानीको बोतलमा जूस जस्ता गुलियो पदार्थ पनि हाल्न पाउदैन ।



● अभिभावक  बैठकमा भाग लिनुपर्छ

वर्षको ३/४  पटक स्कूलमा अभिभावकको बैठक हुन्छ , महत्वपूर्ण जानकारीहरू भएकोले भागलिनु पर्दछ । शिक्षक र अभिभावकहरू महत्त्वपूर्ण विषयमा छलफल गर्नेछन्।

● व्यक्तिगत सर-सल्लाह पनि गरिन्छ

वर्षको  १/२ पटक , स्कूलको कक्षा शिक्षाकसंग बच्चाको स्कूलको र घरको अबस्था बारेमा छलफल गरिन्छ ।

● ओपन स्कूल पनि हुन्छ

वर्षको  ३/४ पटक , स्कूलमा गएर  आफ्नो  बच्चाहरूको कक्षाको अवस्था हेर्न सकिन्छ  ।

● पिसाब जाँचमा मद्दत गर्नुहोस्। (वर्षमा एक पटक, मे महिनाको आसपास)

विद्यालयबाट दिएको कागज र कन्टेनर तपाईको बच्चाले घरमा लिएर आउँछ ।

बिहान उठेपछि आफ्नो बच्चाको पिसाब लिनुहोस्, यसलाई कन्टेनरमा राख्नुहोस्।तपाईको बच्चालाई दिएर स्कूलमा पठाउनु होला।

- PTA（Parent-Teacher Association）

  यो अभिभावक र शिक्षकको संघ हो स्वेच्छाले सदस्य बन्न सकिन्छ तर सबै जसो सदस्य बनिन्छ ।

  PTA,मा खेलकुद कार्यक्रममा  सहयोग , सुरक्षा पाट्रोल, सूचना र  चिट्ठीको  तयारि  , बच्चाहरूको लागि कार्यक्रम गरिन्छ ।

- स्कूलको क्रियाकलापहरूमा भाग लिने ।

  खेलकुद कार्यक्रम आदि , स्कूलको क्रियाकलापहरूमा  भाग लिने ।

- आपतकालिनको बेलास्कूलमा  बच्चा लिन आउने तालिम

  वर्षमा १ पटक यो तालिम गरिन्छ । ठुलो भूकम्प आउने बेलामा आफ्नो बच्चा कसरी स्कूलमा लिन जाने भन्ने कुरा सिकाउछ । सिकाउने मिति स्कूल अनुसार फरक हुन्छ ।

## ध्यान दिनुपर्ने कुराहरू

- अभिभावक स्कूलमा जाने बेलामा

  स्कूलमा जाने बेलामा  ID कार्ड लगाएरा जाने , ID कार्ड बच्चा भर्ना भएको दिन प्रदान गरिन्छ ।

  आफ्नो चपल लिएर जाने र जुत्ता हाल्ने झोला  पनि लिएर जाने ।

  ढिला हुँदा वा चाडो घरमा फर्कनु पर्दा , अभिभावक साथमा हुनु पर्दछ ।

  म्याग्नीच्युद ५ भन्दा बढी भूकम्प आउदा अभिभावक स्कूलमा आइ बच्चा लिन आउनु पर्दछ ।

  यदि उक्त दिन बिहान 7 बजे ताइफुन छ र "तूफान चेतावनी" वा "विशेष चेतावनी" जारी गरिएको छ भने, विद्यालय बन्द हुन्छ।

  तपाईले विद्यालय आपतकालीन सम्पर्क प्रणाली मार्फत एउटा इमेल प्राप्त गर्नुहुनेछ। (P14)

## सम्पर्क नोट लेख्ने तरिका

- (外国語表記　रूधा लागेकोले बदि  लनि्छु ।)
  かぜ　で　やすみます。
  KAZE　DE　YASUMIMASU

- (外国語表記　ज्वरो आएकोले बदि लनि्छु ।)
  ねつ　が　あるので　やすみます。
  NETSU　GA　ARUNODE　YASUMIMASU

- (外国語表記　अस्पतालजाने भएकोले ००:००: बजे स्कूलमा  आउछु ।)
  びょういん　に　いくので　〇〇：〇〇　に　がっこう　に　いきます。
  BYOUIN　NI　IKUNODE　〇〇：〇〇　NI　GAKKOU　NI　IKIMASU


- (外国語表記　चोट लागेकोले स्कूल  बदि लनि्छु ।)
  けが　を　したので　やすみます。
  KEGA　WO　SHITANODE　YASUMIMASU

- (外国語表記　अस्पतालमा  जानुपर्ने भएकोले बदि लनि्छु ।)
  びょういん　に　いくので　そうたい　します。
  BYOUIN　NI　IKUNODE　SOUTAI　SHIMASU

# 5 स्कूलमा भर्ना हुनु भन्दा अगाडी पेश गर्नुपर्ने कागजातहरू


## बाल अनुसन्धान (प्रश्नावली)

1P




児童調査票

2P




## आपतकालिन सम्पर्क कार्ड



家庭緊急連絡票

## वितरण कार्ड



引き渡しカード

## खानाको एलर्जी निवेदन फाराम



食物アレルギー対応 申出書(新規・継続・変更)

यी बाहेक, स्वास्थ्य जाँच फाराम ,मुटुको स्वास्थ्य जाँच फाराम ,बच्चाको शैक्षिक सहयोग फाराम आदि हुन्छन् ।

आफुले लेख्न नसकेमा वहुभाषिक परामर्श झ्याल (पेज 21)मा आउनु होला।

# 6 स्कूलमा प्रयोग गर्ने सामानहरू

स्कूल अनुसार अलि फरक हुन् सक्छ तर स्कूलबाट पठाएको कागज पत्रहरू राम्रोसंग हेर्नुहोला ।

सबैसामानहरूमा कक्षा , सेक्सन र नाम लेख्नुहोला ।

## 【1】 स्कूलबाट प्रदान गरिन्छ । यो नि:शुल्क हो।

पाठ्यपुस्तक (सामान्य)




टोपी (सामान्य)



आपतकालिन् घन्टी (सामान्य)




नाम फुली





## 【2】 स्कूलले सबै किनी वितरण गरिन्छ र पछि (पाठ्यपुस्तकको शुल्क) तिर्नु पर्छ ।

नोट



सामान हाल्ने बक्स



सम्पर्क नोट, सम्पर्क झोला




## 【3】 विद्यालयबाट सापट लिनुहोस् ।

ट्याब्लेट (कम्प्युटर), सामान: ब्याग, चार्ज गर्ने कोड



हेल्मेट



यदि तपाई घरमा इन्टरनेट चलाउन सक्नुहुन्न भने, तपाईले मोबाइल राउटर पनि भाडामा लिन सक्नुहुन्छ। एउटा आवेदन आवश्यक छ। यदि यसलाई हराउनु भयो वा बिगार्नु भयो भने, विद्यालयसँग परामर्श गर्नुहोस्।

## 【4】 घर बाट तयार गर्ने सामानहरू

### ● स्कुलले तोकेको समान मात्र किन्नु पर्छ

**भित्री जुत्ता**




**व्यायामको पोशाक , टोपी , झोला**



※ व्यायाम गर्ने लुगा (टाईइकुगी), एउटा कपडामा ग्रेड, समूह, र नाम लेखि टाँस्नुहोस्। तपाईले 100-येन पसलहरूमा नाम लेख्ने कपडा (नम्बर, प्याच) किन्न सक्नुहुन्छ।

**तोकिएको आकारको लन्चमाट झोला**




स्कूलले नर्धारण गरेको ठूलो साइज तयार गर्नुहोस्।

**तोकिएको आकारको हातले बोक्ने झोला**



**प्रकोपमा टाउको छोप्ने**



### ● तपाईलाई मनपर्ने कुरा किन्नुहोस्


**रान्दोसेल (स्कूल ब्याग)**




**स्पोर्ट जुत्ता (बान्न नपर्ने खालको )**



**टेबल पुछ्ने टावल**



**रूमाल,टिस्यु**



**रेनकोट , छाता**



**मास्क**



### लेख्ने कलमहरु

सीसाकलम B वा 2B लेखेको (५~६ वटा तयार गरि हरेक दिन तिखारेर लिएर आउने )

रातो सीसाकलम १

नाम लेख्ने पेन १


इरेजर सेतो रंगको

सीसाकलम राख्ने बक्स सादा र टिन को हुदैन

सीताजिकी पनि सादा , चित्रहरु भएको हुदैन

नोटकपि पनि चाहिन्छ (सेतोमा )

※विद्यालयमा अलि फरक हुन्छ । "प्रवेशको लागि बुकमार्क" मा राम्रोसँग हेर्नुहोस् ।



## 【5】 स्कूलबाट खबर पाएपछि मात्र , स्कूलले तोके अनुसारको सामान जुटाउनु होस

केनबान हार्मोनी




स्किपि डोरी



पौडि खेल्दा लगाउने स्विमसूट, टोपी, झोला




स्केल




टेप गम



रंगीन पेन(तिखार्न पर्दैन जापानीजमा कुपी भन्छ)



कैंची



कलर गर्ने पेन



कौंची किन्दा आफ्नो हातले चालाउन सजिलो र बिर्को भएको हुनुपर्छ ।

## 7 स्कूलसंग सम्बन्धित पैसाको बारेमा

| | |
|---|---|
| पाठ्यपुस्तक शुल्क र स्कूलको शुल्क | नि:शुल्क |
| खानाको । | निशुल्क /2024सालमा कुनै पैसा लाग्ने छैन। 2025 सालको बारेमा अझै थाहा छैन। |
| सामाग्रीको शुल्क र पिकनिक शुल्क | प्रत्येक पटक भुक्तान गर्नुपर्छ । क्लास  अनुसार फरक हुन्छ । चिट्ठी बाट पनि जानाकारी गरिन्छ । |
| PTA को शुल्क | प्रत्येक वर्ष भुक्तानी गर्नुपर्छ ।<br>स्कूल अनुसार शुल्क फरक हुन्छ । |

विद्यालय भर्ना हुने बेलामा, विद्यालयले निर्णय गरेको बैंकमा खाता खोल्नुहोस् (जापान पोष्ट बैंक, आदि) । स्कूलमा तिर्नु पर्ने रकमहरू त्यही खाताबाट निकालिन्छ ।

सामाग्रीको शुल्क ,पिकनिकको शुल्क स्कूलमा नगद तिर्नुपर्ने  पनि हुन्छ  ।

आर्थिक सहयोग

खानाको वा सामग्रीको शुल्क  तिर्न गाह्रो  हुने भएमा , आर्थिक सहयोग हुन्छ ।

आर्थिक सहयोगको  निवेदनमा  [सहयोग चाहिन्छ  ] भनि लेखि बुझाउने  ।

आर्थिक सहयोग निवेदनको जाँचबुझ  हुन् , सहयोग चाहिन्छ भने पनि आफ्नो घरको आम्दानी धेरै भएमा सहयोग नपाउने हुन्छ।

## 8 बच्चाको स्वास्थ्य र स्वास्थ्य कोठा

स्कूलमा  [स्वास्थ्य कोठा] हुन्छ, साथै स्वास्थ्य शिक्षक ( स्कूल नर्स )हुन्छन ।

स्कूलमा चोट लाग्यो वा सन्चो भएन भने स्वास्थ्य कोठामा उपचार पनि गरिन्छ ।

यदि अस्पताल जानु पर्ने वा घर फर्कदा हुने भएमा अभिभावकलाई जानकारी गरिन्छ ।

### 《सावधानी》 यदि तपाईको बच्चालाई कोरोना  भाइरस वा इन्फ्लुएन्जा जस्ता संक्रामक रोग लागेमा ।

* यदि  संक्रामक रोग लागेमा, स्कूल जानु हुँदैन। → स्कूलमा खबर गर्नुहोला।

डाक्टरबाट स्कूल जाने स्वीकृति पाएपछि→ स्कूल जान सकिन्छ।

* सरुवा रोग लागेमा डाक्टरको अनुमति बिना स्कूल जान पाइदैन ।

* इन्फ्लुएन्जा आदि जस्ता सरुवा रोगले धेरै बच्चाहरु स्कूल आउन नसकेमा क्लास बिदा हुन्छ र कक्षाका सबैलाई बिदा हुन्छ।


* कोरोनाभाइरस संक्रमण रोक्नको लागि, बालबालिका र तिनीहरूका परिवारहरू पनि यस्तो समयमा विद्यालय बिदामा बस्नुहोस्।

- ज्वरो आयो वा रुघाखोकीको  लक्षण छ।
- नयाँ कोरोनाभाइरस परीक्षणमा  सकारात्मक
- सकारात्मक व्यक्तिहरूसँग नजिकको  सम्पर्क

## 9 के तपाईको बच्चा आफैले गर्न सक्छ ?

- ☐ बच्चा एक्लै टोइलेट जान सक्छ ।
- ☐ जापानी  प्रकारको टोइलेट प्रयोग गर्न सक्छ ।
- ☐ बिहान , दीसा गरेर स्कूल जान्छ ।
- ☐ हिरागानाबाट आफ्नो नाम लेख्ने र पढ्न पनि सक्छ।
- ☐ आफैले लुगा लगाउन सक्छ । जुत्ता लगाउन सक्छ । जुत्ता फुकाल्न सक्छ ।
- ☐ आफ्नो नाम बोलाउंदा (हाइ ) भनी उत्तर दिन्छ ।
- ☐ आफ्नो नाम पनि भन्न सक्छ ।
- ☐ ट्राफिक लाइट वा गाडीको ख्याल राखी बाटो काटी स्कूल जान सक्छ । स्कूलबाट घर फर्कन पनि सक्छ ।
- ☐ हासी र चम्चा प्रयोग गरि खाना खान सक्छ ।
- ☐ कतै दुख पीडा भएमा शिक्षक वा साथीहरुलाई भन्न सक्छ ।
- ☐ आफ्नो सामान,जुत्ता वा छाता समाल्न सक्छ ।

टुक्रुरुक्क बसेर दिसा पिसाब गर्ने तोइलेट



## 10 स्कुलमा लान नपाउने समानहरु

- × पैसा , खानेकुरा, चकलेत , खेलाउना, गेमहरु जस्ता बस्तु लान पाउदैन ।
- × साइकलबाट जान पनि पाइदैन ।
- × स्कूललाई सम्पर्क नगरी बिदा लिने, नासोधीकन घरमा फर्कन पनि मनाही छ ।
- × मोबाइल फोन, स्मार्टफोन ल्याउन हुदैन। ल्याउन चाहनेलाई अनुमति चाहिन्छ।
- × कपाल रंगाउने , कानमा मुन्द्री या घाँटीमा कुनै सिख्री लगाउन पनि पाइदैन ।

## 11 स्कूलबाट आएका प्रिन्टहरुको बारेमा

बच्चाले स्कुलबाट प्रिन्टहरु लिएर आउंछ ।

①आफ्नो क्लासको समाचार / स्कूलको समाचार

विषयबस्तु स्कूल वा क्लास अनुसार फरक हुन्छ । क्लासको समाचारमा महत्वपूर्ण कुरा लेखेको हुन्छ ।

②वार्षिक गतिबिधिको तालिका

ओपन स्कुल, व्यक्तिगत सर -सल्लाह , स्वास्थ्य जाँच , खेलकुद कार्यक्रम इत्यादि स्कूलको वार्षिक कार्यक्रमको तालिका लेखिएको हुन्छ ।

③स्कुलमा प्रयोग गर्ने सामग्रीहरू किन्ने बारेमा

अध्ययनको लागि चाहिले सामाग्रीहरू समग्ररूपमा स्कूलले किन्ने हुदाँ तोकिएको मिति सम्ममा निवेदन बुझाउनु होला ।

④स्कूलको क्रियाकलापहरूमा भाग लिनको लागि भर्नुपर्ने फाराम

स्कूलको क्रियाकलापमा भाग लिने हो वा होइन लेखेर आफ्नो कक्षा शिक्षकलाई बुजाऊनु होला ।

◉ यी बाहेक पर्ना विभिनि्न कुराहरुछन् , यसलाई आफै पढ्नुहोस्, वा जापानी भाषा बुझ्ने व्यक्ता, जस्तै परविार र साथीहरूलाई पढ्न लगाउनुहोस्। अनुवाद सफ्टवेयर प्रयोग गरी पत्ता लगाउनुहोस्।

## 12 स्कूलको आपतकालीन सम्पर्क प्रणाली

स्कूलबाट सम्पर्क गर्दा Email वा short मेसेज आउछ ।

आफुले आपतकालिन सम्पर्क प्रणालीमा रजिस्टर नगरेको भएमा कुनै खबर या मेल आउदैन ।

मेल आउदा जापानी भाषामा आउंछ महत्वपूर्ण मेल भएकोले अरूलाई देखाउने वा कम्प्युटरबाट अनुवाद गरि बुझ्हुहोस्। रजिस्टर गर्ने तरिका , स्कुलबाट पठाएको पेपरमा हेर्नुहोला । अंग्रेजी भाषा,चिनियाँ भाषा र कोरियन भाषाबाट अनुवाद गरेको पेपर पनि छन् । कृपया जनवरी देखि फेब्रुअरी सम्मको अभिभावक जानकारी बैठकमा विद्यालयबाट प्राप्त निर्देशन पुस्तिका (जापानी) हेर्नुहोस्।

# 13 स्कूलमा प्रयोग हुने शब्दहरू

## बिषय

| | | | | | |
|---|---|---|---|---|---|
| 国語（こくご） | kokugo | जापानी भाषा | 体育（たいいく） | taiiku | शारीरिक शिक्षा |
| 算数（さんすう） | sansuu | गणित | 図画工作（ずがこうさく） | zugakousaku | चित्र बनाउने लेख्ने आदी |
| 理科（りか） | rika | बिज्ञान | 家庭（かてい）<br>(家庭科（かていか）) | katei (kateika) | ग्रह अर्थसास्त्र |
| 社会（しゃかい） | shakai | सामाजिक | 道徳（どうとく） | doutoku | नैतिकत शिक्षा |
| 音楽（おんがく） | ongaku | संगीत | 学活（がっかつ） | gakkatsu | स्कूल जीवन |
| 作文（さくぶん） | sakubun | निबन्ध | 読書（どくしょ） | dokusho | किताब पढ्नु |
| 書写（しょしゃ） | shosha | सोस्या　पेन वा ब्रसले जापानी अक्षर लेख्ने | | | |
| 外国語（がいこくご） | gaikokugo | विदेशी भाषा　अंग्रेजी भाषा सिक्ने | | | |
| 生活（せいかつ）<br>(生活科（せいかつか）) | seikatsu<br>(seikatsuka) | दैनिक जीवन　१ र २ कक्षामा अध्ययन गरिने बिज्ञान र सामाजिक जस्ता विषय | | | |

## गुरु (शिक्षक)

| | | | | | |
|---|---|---|---|---|---|
| 校長先生（こうちょうせんせい） | kouchou-sensei | प्रधानाध्यापक<br>(प्रिन्सिपल) | 担任の先生（たんにんのせんせい） | tannin-no-sensei | कक्षाको शिक्षक |
| 副校長先生（ふくこうちょうせんせい） | fukukouchou-sensei | उप- प्रधानाध्यपक | 保健の先生（ほけんのせんせい） | hoken-no-sensei | स्वास्थ्य शिक्षक |

## विद्यालय भवन

| | | | | | |
|---|---|---|---|---|---|
| 正門（せいもん） | seimon | मुख्य ढोका | 校舎（こうしゃ） | kousha | विद्यालय भवन |
| 教室（きょうしつ） | kyoushitsu | कक्षा | 校庭（こうてい） | koutei | स्कूलको गार्डेन |
| 職員室（しょくいんしつ） | shokuinshitsu | स्टाफ कोठा | 廊下（ろうか） | rouka | भवन भित्रको हिड्डुल गर्ने ठाउं |

| | | | | | |
|---|---|---|---|---|---|
| 事務室 | jimushitsu | अफिस कोठा | 給食室 | kyuushokushitsu | खान बनाउने भान्सा |
| 体育館 | taiikukan | व्यायाम हल | トイレ | toire | चर्पी |
| 保健室 | hokenshitsu | स्वास्थ्या जाँच गर्ने कोठा | ロッカー | rokkhaa | लकर |
| 図書室 | toshoshistu | पुस्तकालय | 下駄箱 | getabako | जुत्ता राख्ने बक्स |

## लिएर जाने सामान

| | | | | | |
|---|---|---|---|---|---|
| ランドセル | randoseru | रान्दोसेलु (स्कूल ब्याग ) | リュックサック | ryukkusakku | पछाडी बोक्नेझोला |
| 教科書 | kyoukasho | पाठ्यपुस्तक | お弁当 | o-bentou | टिफिन (खाना) |
| 筆記用具 | hikkiyougu | कलमको केस | 水筒 | suitou | पानीको भाडो |
| 上履き | uwabaki | भित्रलगाउने जुत्ता | おやつ | oyatsu | खाजा |
| 体育館履き | taiikukanbaki | व्यायाम हलमा लगाउने जुत्ता | 敷き物 | shikimono | ओच्छ्याउने सिट |
| ハンカチ | hankachi | रुमाल | 着替え | kigae | फेर्ने लुगाहरु |
| ティッシュ | tisshu | तिस्स्यू | 下着 | shitagi | भित्रि गन्जी |
| お手拭き | o-tefuki | हात पुछ्ने रुमाल | 雨具 | amagu | रेन्कोर्ट |

## स्कूल जीवन

| | | | | | |
|---|---|---|---|---|---|
| 授業（じゅぎょう） | jyugyou | क्लास | 教材（きょうざい） | kyouzai | सामाग्रीहरु |
| 学習（がくしゅう） | gakushuu | अध्ययन | 給食（きゅうしょく） | kyuushoku | स्कूलको खाना |
| 学級（がっきゅう） | gakkyuu | कक्षा | 掃除（そうじ） | souji | सफा गर्नु |
| 日本語学級（にほんごがっきゅう） | nihongo-gakkyuu | जापानी भाषा कक्षा | 当番（とうばん） | touban | पालो |
| 出席（しゅっせき） | shusseki | भाग लिनु | 係（かかり） | kakari | इन्चार्ज |
| 欠席（けっせき） | kesseki | गयल | 班（はん） | han | समूह |
| 遅刻（ちこく） | chikoku | ढिला हुनु | 低学年（ていがくねん） | tei-gakunen | तल्लो तह |
| 早退（そうたい） | soutai | चाडो फर्कने | 中学年（ちゅうがくねん） | chuu-gakunen | मध्ये श्रेणी |
| 学級閉鎖（がっきゅうへいさ） | gakkyuuheisa | ककक्षा बन्द | 高学年（こうがくねん） | kou-gakunen | माथिल्लो तह |
| 登校（とうこう） | toukou | स्कूल आउनु | 男子（だんし） | danshi | केटा |
| 下校（げこう） | gekou | फर्कनु | 女子（じょし） | joshi | केटी |
| 集団下校（しゅうだんげこう） | shuudan-gekou | समूहभएर फर्कने | 引率（いんそつ） | insotsu | लिएर आउनु |
| 通学路（つうがくろ） | tuugakuro | स्कूल जानेबाटो | クラブ活動（かつどう） | kurabu-katsudou | क्लबको क्रियाकलाप |
| 夏休み（なつやすみ） | natsu-yasumi | गर्मि बिदा | 応急手当（おうきゅうてあて） | oukyuu-teate | प्राथमिक उपचार |

| | | | | | |
|---|---|---|---|---|---|
| 冬休み | fuyu-yasumi | जाडो बिदा | いじめ | ijime | अरुलाई जिस्काउनु |
| 春休み | haru-yasumi | बसन्त बिदा | おもらし | o-morashi | कट्टुमा पिसाबगर्नु |
| 宿題 | shukudai | होमवर्क | | | |

## शब्दहरुको उल्था

| | | |
|---|---|---|
| 保護者 | hogosya | अभिभावक<br>घरमा बच्चाहरुको हेरचाह गरिरहेका जस्तै बुबा, आमा, हजुरबा, हजुर आमा इत्यादि । |
| 入学式 | nyuugaku-shiki | प्रवेश समारोह<br>एक कक्षामा नयाँ भर्ना भएका बच्चाहरूलाई बधाई दिने समारोह अप्रिलको पहिलो हप्तामा गरिन्छ ।<br>अभिभावकहरूले औपचारिक लुगा लगाएर आउने । |
| 卒業式 | sotsugyou-shiki | स्नातक समारोह<br>६ कक्षा समाप्त भएपछि मार्च महिनामा स्नातक समारोह गरि बधाइ दिनेकार्य हुन्छ। ६ कक्षा समाप्त भएको प्रमाणपत्र पनि दिईन्छ । अभिभावकहरूले औपचारिक लुगा लगाएर आउने । |
| 始業式 | shigyou-shiki | उद्घाटन समारोह<br>स्कूल सुरुहुनु अगी गरिने समारोह यसमा अभिभावक सहभागी हुनु पर्दैन । |
| 終業式<br>(修了式) | shuugyou-shiki<br>(shuuryou-shiki) | समापन समारोह<br>प्रत्येक सेमेस्टर सकेपछि गरिने समारोह हो । सूचना तालिका पठाउछ । तेस्रो सेमेस्टरको अन्तिममा यो समारोह गरिन्छ, अभिभावक सहभागी हुनु पर्दैन । |
| 通知表 | tsuuchihyou | सूचना तालिका<br>आफ्नो बच्चाको प्रगति ,हाजिर , गयल, स्कूलमा कसरि बिताएको छ भनि उसको बारेमा लेखि अभिभावकलाई जानकारी गराईन्छ । त्यो सूचना तालिका स्कुल अनुसार फरक हुन् सक्छ ( [आयुमी ], [नोबीयुकुको ] आदि ) |
| 分散登校 | bunsan-toukou | निर्धारित ठाउँ र समयमा भेला भएर आफ्नो समूहसँगै विद्यालय जाने (बुन्सान तोउकोउ)<br>कक्षा र वर्गमा विभाजित भई, निर्धारित समयमा विद्यालय जाने। |
| オンライン授業 | onrain-jyugyou | अनलाइन कक्षा<br>ईन्टरनेटको उपयोग गरेर कक्षाहरु सञ्चालन ।बालबालिकाले ट्याब्लेट (कम्प्युटर) प्रयोग गरेर घरमै कक्षा लिन्छन्। |
| 水泳指導 | suiei-shidou | पौडी खेल्ने सिकाऊने<br>स्कूलमा भएको स्विमिंग पुलमा पौडी खेल्ने अभ्यास हुन्छ । |
| 遠足<br>生活科見学<br>社会科見学 | ensoku<br>seikatsuka-kengaku<br>shakaika-kengaku | पिकनिक ・ जीवन कोर्स भ्रमण ・ सामाजिक अध्ययन भ्रमण<br>स्कूल बाहिर गई ,प्रकृति, इतिहास, संस्कृति आदिको अध्ययन गरिन्छ । |
| 移動教室 | idou-kyoushitsu | बाहिर गर्ने क्लास<br>५ कक्षाका विद्यार्थीहरू [इजु कोउगेन ] , ६ कक्षाका [तोउबु ] तिर जान्छन, केहि दिन बसेर अनुभव र तालीम हासिल गर्छन । |

| | | |
|---|---|---|
| 運動会 | undou-kai | खेलकुद प्रतियोगता<br>स्कूलको ग्राउण्डमा सबै विद्यार्थीहरू जम्मा भएर , रेश वा डान्स गर्ने आदि रमाइलो  क्रियाकलापहरु गरिन्छ ।अभिभावकहरू पनि हसहभागी हुने । |
| 学芸会<br>学習発表会 | gakugei-kai<br>gakushuu-happyou-kai | नाटक<br>बच्चाहरुले गीत गाऊने, नाटक देखाउने गर्छन, अभिभावकहरू पनि आउनु होला। |
| 展覧会 | tenran-kai | प्रदर्शन<br>बच्चाहरुको हातले बनाएका सामानहरु देखाउन राखिन्छ , अभिभावकहरू पनि आउनु होला । |
| 引き渡し訓練 | hikiwatashi-kunren | प्रकोपको बेलामा बच्चा बुझाउने तालिम<br>बच्चाहरु स्कुलमा हुदा ठुलो भूइचालो वा कुनै ठुलो आपत बिपत भएमा, कसरि बच्चा लिन जाने भन्ने कुराको तालिम । |
| 避難訓練 | hinan-kunren | सुरक्षाको लागी तालिम<br>बच्चाहरू स्कूलमा हुदा , यदी भुइचालो वा आगलागी भएमा कसरि सुरक्षित हुने भन्ने तालिम |
| 保護者説明会 | hogosha-setsumeikai | अभिभावक बैठक<br>स्कूल भर्ना हुनु अघि आवश्यक कुराहरूको बारेमा शिक्षकले अभिभावकहरूलाई जानकारी गराउने बैठक । |
| 保護者会 | hogosha-kai | अभिभावक बैठक<br>कक्षा शिक्षकले स्कूल जीवनबारे अभिभावकहरूलाई जानकारी गरिने बैठक हो । यसले अभिभावकहरूको बिच एक सामाजिक जमघटको रूपमा पनि काम गर्न सक्दछ । |
| 学校公開 | gakkou-koukai | ओपन स्कुल<br>अभिभावकले स्कूलमा सिकाएको क्लासहरू  हेर्न सकिन्छ । एक वर्षमा ३ देखि ४ पटक जति हुन्छ  । |
| 個人面談 | kojin-mendan | व्यक्तिगत सर-सल्लाह<br>आफ्नो कक्षाको शिक्षक र अभिभावक स्कूलमा भेटघाट गरि बच्चाको स्कूल र घरको अवस्थाबारे छलफल गरिन्छ । |
| 三者面談 | sansha-mendan | तीन जनाको सर-सल्लाह<br>बच्चा, अभिभावक र शिक्षक भेटेर,स्कूल जीवन र स्कूल सकेपछिको सर-सल्लाह गर्ने । |
| 健康診断 | kenkou-shindan | स्वास्थ्य जाँच<br>डाक्टरले जांच वा अन्य परिक्षणगरि बच्चाको स्वास्थ्य अवस्था पत्ता लगाउने । |
| 身体測定<br>(発育測定) | shintai-sokutei<br>(hatsuiku-sokutei) | शरिर को नाप<br>तौल, उचाई आदि साथै शारीरिक आकार नापी बच्चाको शारीरिक वृद्धिको अबस्था पत्ता लगाउंछ । |
| 歯科検診 | shika-kenshin | दाँतको जाँच<br>दाँतमा किरा लागेको छ छैन हेर्छन । |

| | | |
|---|---|---|
| 内科検診 | naika-kenshin | चिकित्सा जांच<br>कुनै रोग लागेको छकि भनी  डाक्टरले स्टेथोस्कोप प्रयोग गरि जाँच गरिन्छ । |
| 心臓検診 | shinzou-kenshin | मुटुको    जांच<br>मुटुको रोग छ छैन चेक गर्ने । |
| 耳鼻科検診 | jibika-kenshin | कान र नाकको जांच<br>कान र नाकको रोग छ छैन जाँच गरिन्छ । उक्त दिन घरमा कान सफा गरेर जानुपर्छ । |
| 視力検査 | shiryoku-kensa | आंखाको  जाँच<br>आँखाको जाँच गरि कत्तिको हेर्न सक्ति छ पनि पत्ता लगाउछन । |
| 聴力検査 | chouryoku-kensa | कानको जाँच<br>कान सुन्छ सुन्दैन भनेर वा रोग छ कि छैन भनि जाँच गरिन्छ । |
| 尿検査 | nyou-kensa | पिसाब  जाँच<br>पिसाबको जाँच हुन्छ । स्कूलबाट दिएको भाडामा बिहानको पिसाब हाली स्कूलमा बुझाउने । |
| 体力テスト | tairyoku-tesuto | शारीरिक स्वास्थ्य परिक्षण<br>स्कूलका सबै विद्यार्थीहरुलाई लक्षित गरि शारीरिक क्षमता , एथालेटिक क्षमताको परिक्षण गरिन्छ । |
| ＰＴＡ | pee-tee-eh | अभिभावकहरू र शिक्षकहरुको समूहले खेलकुद कार्यक्रमको सहयोग, स्कूल या बच्चा हिड्ने वरिपरिको रक्षा, न्युजलेटर बनाउने आदि, बच्चाको लागी गर्ने क्रियाकलाप हो । |
| ＰＴＡ総会 | pee-tee-eh soukai | PTA बैठक<br>PTA,का सदस्याहरुले भाग लिने बैठक । वार्षिक रिपोर्ट, योजनाहरुको बारेमा छलफल गरिन्छ । |
| 振替休業日 | furikae-kyuugyoubi | सट्टाको बिदा<br>बिदाको दिन स्कुलमा (खेलकुद, ओपन स्कूल )कुनै कार्यक्रम परेमा त्यसको  सट्टामा बिदा हुने दिन । |
| 延期 | enki | समय लम्बिनु<br>कुनै कार्य गर्ने योजना हुदा पनि कुनै समस्याले गर्दा गर्न नसकी अरु दिनलाई सार्नु |
| 中止 | chuushi | रोक्नु ,नहुनु<br>कुनै कार्य गर्ने योजना हुदा पनि कुनै समस्याले गर्न नसक्नु । |
| 通学路 | tsuugaku-ro | स्कूल बाटो<br>बच्चाहरू घरबाट स्कूलजाने बाटो स्कूलले तोकेको हुन्छ , त्यही बाटो हिड्नु पर्छ । |
| 通学区域 | tsuugaku-kuiki | स्कूल क्षेत्र<br>प्राथमिक विद्यालय अथवा जुनीयर हाइ स्कुल आफु बसेको ठेगाना अनुसार कुन स्कूल जाने भनि तोकिएको हुन्छ । |

## 14 बच्चाको जापानी भाषाको शिक्षा

● स्कूल जानु अगी

ओता बाल जापानी भाषा कक्षा (ओमोरी र कामातामा ) मा जापानी भाषा सिकाइछ ।

१ कक्षाका विद्यार्थीहरूले , जनवरी महिना (स्कूल जानु ३ महिना अघि )बाट सिक्र सकिन्छ ।

वहुभाषिक परामर्श झ्यालमा परामर्श गर्नुहोला ।

ओटा बालबालकिाको जापानी कक्षाको लाग‍ि यहाँ क्लकि गर्नुहोस् →

● स्कूलमा गएपछि

उपस्थित हुने स्कूलमा विशेष 60 देखि 80 घण्टा, जापानी भाषा अध्ययन गर्नु पर्छ।

६० घण्टा जती जापानी भाषाको सहयोगी क्लास, जापानी भाषाको क्लास पनि छन् ।

● स्कूल बाहेक जापानी भाषा सिक्र परेमा

बच्याको लागि स्वयं सेवक जापानी भाषा कक्षामा पढ्न सकिन्छ । वहुभाषिक परामर्श झ्यालमा स्वयं सेवक जापानी भाषा कक्षाको जानकारीहरू छन् ।

स्वयंसेवक जापानी कक्षाहरूका लाग‍ि यहाँ क्लकि गर्नुहोस् →

## 15 समस्या परेको बेलामा परामर्श गरौँ




● कक्षा शिक्षकसंग सल्लाह गरौँ

अध्ययन र स्कूल जीवनको बारेमा, वा अन्य कुनै पनि विषयमा परामर्श गरौँ ।

● अन्तर्राष्ट्रिय ओता संघ वहुभाषिक परामर्श झ्याल 03-6424-4924

(सोम) ～ (शुक्र) 10：00 ~ 17：00

कामाटा, ओटा-कु कामाता 4-16-8 दोस्रो तल्ला ओटा अन्तर्राष्ट्रिय विनिमय केन्द्र (Minto Ota)

प्रत्येक भाषाको परामर्श गर्ने दिन तोकिएको छ । दैनिक जीवनक विभिन्न कुराहरूको परामर्श गर्न सकिन्छ ।

● शिक्षा , मनोविज्ञान, शारीरिक बिकासको विसेषज्ञसंग परामर्श गर्नु पर्दा

जापानी भाषामा हुन्छ , जापानी भाषा बुझ्ने ब्यक्ति साथमा लिएर आउनु होला । नयाँ फोन नम्बर

यदि, अनुवादकको आवस्यकता भएमा, वहुभाषिक परामर्श झ्यालमा परामर्श गर्नुहोस ।

● शिक्षा सेन्टर शिक्षा सम्बन्धि परामर्श कोठा 03-5748-1202 सोम～शुक्र 9：00 ~ 17：00

शारीरिक र मानसिक अशक्तता भएका बच्चाहरू, बच्चाको बिकासको बारेमा कुनै चिन्ता छ भने परामर्श गर्न सकिन्छ।

● कोदोमो कातेई सिएन सेन्टर 03-5753-7830 सोम～शुक्र 9 ： 00 ~ 18 ： 00 शनि 9 ： 30 ~ 18 ： 00

● स्कूल काउसिलर

बच्चा पढेको स्कूमा सल्लाह गर्न सकिन्छ ।

सिधा स्कूलमा सम्पर्क गर्नुहोला ।

外国籍保護者のための小学校案内　ネパール語版

発行日　2019 年 10 月
改訂　2024 年 9 月
発行　一般財団法人国際都市おおた協会
〒144-0052 東京都大田区蒲田 4-16-8 2F
おおた国際交流センター（Minto Ota）

電話　03-6410-7981　E-mail　info@ota-goca.or.jp
URL　https://www.ota-goca.or.jp
企画協力　一般社団法人レガートおおた

無断転載・複製を禁ず